मिति २०७६/८/१३ गते बसेको प्रदेश मन्त्रिपरिषद् बैठक संख्या-६१/२०७६को निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको प्रस्ताव नं. १/४७/२०१-२०७६/८/१२ को "प्रदेश नीति तथा योजना आयोग,(गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"(क) दफा ३ को उपदफा (३) झिकी उपदफाको क्रम मिलाउने ।

(ख) दफा ६ को उपदफा १ को खण्ड (क) को उपखण्ड (११) मा रहेको "गर्ने" भन्ने शब्दको सट्टामा "गराउने" भन्ने शब्द राख्ने ।

(ग) दफा १२ को खण्ड (ख) मा रहेको "पैंतालीस बर्ष उमेर पुगेको र पचपन्न बर्ष ननाघेको" भन्ने शब्दावलीको सट्टामा "पैंतालीस बर्ष उमेर पूरा भएको" भन्ने शब्दावली राख्ने ।

(घ) दफा १२ को खण्ड (ग) मा रहेको "कार्यरत भई कम्तीमा १० वर्षको कार्यानुभव भएको," भन्ने शब्दावली झिकी त्यसपछि "ख्याति प्राप्त अन्तर्राष्ट्रिय संघ संस्थाको नीति निर्माण तहको पदमा कम्तीमा १० वर्षको कार्यानुभव भएको वा सरकारी सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो सरह वा सो भन्दा माथिल्लो पदबाट सेवा निवृत्त भएको," भन्ने शब्दावली थप गर्ने ।

(ङ) दफा १३ को खण्ड (क) झिकी खण्डक्रम मिलाउने ।

(च) दफा १३ को खण्ड (ङ) मा रहेको "साठी वर्ष" भन्ने शब्दावलीको सट्टा "पैसठ्ठी वर्ष" भन्ने शब्दावली राख्ने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/४८/२०२-२०७६/८/१२ को "प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

"(क) नियम ६ को उपनियम (१) को खण्ड (ज) मा रहेको "दलित, महिला, आदीवासी, जनजाती सँग सम्बन्धित" भन्ने शब्दावली झिक्ने।

(ख) नियम ७ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "मंसिर १५ गते" भन्ने शब्दावलीको सट्टामा "मंसिर मसान्तसम्म" भन्ने शब्दावली राख्ने ।

(ग) नियम ७ को उपनियम (११) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "पाँच" भन्ने शब्दको सट्टामा "दश" भन्ने शब्द राख्ने ।

(घ) नियम १४ को उपनियम (४) मा रहेको "जिल्ला समन्वय समितिले" भन्ने शब्दावलीको सट्टामा "जिल्ला समन्वय अधिकारीले" भन्ने शब्दावली राख्ने र "परामर्श" भन्ने शब्दको सट्टामा "सिफारिश"भन्ने शब्द राख्ने ।"

३. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं.६/३/१९७-२०७६/८/४ को "अस्थायी दरबन्दी (खा.पा.स.टे. लगायत) स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

४. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं.६/४/२००-२०७६/८/१२ को "कार्यालय स्थानान्तरण तथा रुपान्तरण गरी कर्मचारीहरुलाई काम काजमा लगाउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

५. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं.७/३०/१९२-२०७६/७/२० को "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धि निर्देशिका, २०७६ स्वीकृती गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

"प्रशासन तथा विधेयक समितमा छलफलका लागि पठाउने।"

६. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं.७/३२/१९८-२०७६/८/०४ को "एकिकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

"(क) दफा ५ को उपदफा (२) मा रहेको तालिकाको लक्षित समूह सम्बन्धि महल अन्तर्गत "प्रदेश तथा प्रदेशस्तरका जिल्ला एवम् स्थानीय तहका कार्यालयहरुमा" भन्ने शब्दावलीको सट्टामा "प्रदेश सरकार मातहतका कार्यालयहरुमा" राख्ने ।

(ख) दफा ५ को उपदफा (२) मा रहेको तालिकाको;

-क्र.सं. ५ मा रहेको "छात्रवृत्तिको नाम" महल अन्तर्गत "सहिद तथा द्वन्द्वपिडीत छात्रवृत्ति" को सट्टामा "सहिद परिवार तथा द्वन्द्वपिडीत छात्रवृत्ति" राख्ने ।

-क्र.सं. ७ मा रहेको "लक्षित समूह" महलमा रहेको "लोपोन्मुख वर्ग" भन्ने शब्दावलीपछि "वा आर्थिक रुपले विपन्न" भन्ने शब्दावली राख्ने।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली